जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १०७ २०८० साल मंसिर ९ गते शनिबार (25 Nov. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पुस्तक समीक्षा : मैथिली पत्रकारिताको.. ३ पृष्ठमा : कर बक्यौता एक खर्ब १३ अर्ब, ... ३ पृष्ठमाइज्रायल र हमासबीच ...

# एकपछि अर्को अतिक्रमित संरचना हटाईदै



**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

राजविराजलाई अतिक्रमण मुक्त तथा व्यवस्थित गर्ने उद्देश्यले दुई महिनादेखी थालिएको अभियानलाई निरन्तरता दिइएको छ ।

शुक्रबार राजविराज नगरपालिकाले वडा नं. ६ स्थित बागेश्वरी मन्दिरदेखी सखडा मोडसम्मको सडक आसपासका घर, टहरा लगायतका अतिक्रमित भौतिक संरचना हटाउन सुरु गरेको छ । यसअघि सिरहा रोड, कंचनपुर रोड, हटिया बजार लगायतका क्षेत्रमा डोजर लगाएर अतिक्रमित संरचना हटाइएको थियो ।

अतिक्रमणका कारण प्रशिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिर तथा सोही मार्गबाट सीमावर्ती भारतीय बजारसम्म आवगमनमा समस्या हुनुका साथै सडक फराकिलोको निर्माण कार्य समेत प्रभावित हुने गरेको थियो ।

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनले पूर्व सूचना दिएर अतिक्रमित संरचना डोजर लगाएर भत्काइएको जानकारी दिइन् । अतिक्रमित संरचना हटाउन पछिल्लो पटक १५ दिने सूचना जारि गरि आग्रह गर्दा पनि कतिपयले वेवास्ता गरेकाले बाध्य भई डोजर चलाउनु परेको उनको भनाई छ ।

फराकिलो सडक तथा नगरलाई व्यवस्थित र सौन्दर्यकरणका लागि यस्तो अभियान चलाइएको नगरपालिकाले जनाउँदै उनले नगर व्यवस्थित गर्न थालिएको कदममा नगरवासीबाट सहयोग र समर्थन प्राप्त भइरहेकाले यो अभियान नरोकिने बताइन् ।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले बागेश्वरी मन्दिरदेखी सखडा मोडसम्मको सडकको दायाँबायाँ ६.५/६.५ मिटर क्षेत्रमा अतिक्रमण गरि बनाइएका भौतिक संरचना हटाउन थालिएको बताउँदै छिट्टै नगर क्षेत्रका बाँकी रहेका स्थानमा समेत अतिक्रमण गरि बनाइएका भौतिक संरचना भत्काउने काम अघि बढ्ने जानकारी दिए ।

अतिक्रमित जग्गा खाली गराउन डोजरसहित राजविराज नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

# सहकारी दर्ता, क्षेत्र विस्तार र सेवा केन्द्र स्वीकृतिमा रोक

काठमाडौँ, ८ मङ्सिर (रासस) ।

सरकारले कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उप महानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने निर्णय मन्त्रिपरिषद्बाट भएकाले सोहीअनुसार कार्य गर्न अनुरोध गरेको छ ।

गत कात्तिक २३ गतेको मन्त्रिपरिषद्को निर्णयबारे जानकारी गराउँदै मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुनसक्ने जोखिम बढ्दै गएकाले मन्त्रिपरिषद्को निर्णयानुसार रोक लगाइएको जानकारी दिनुभयो ।

देशभर ठूलो सङ्ख्यामा रहेका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट पछिल्लो समयमा ठूला-ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि भएको मन्त्रालयले जनाएको छ ।

सहकारी संस्थाका सदस्य तथा बचतकर्ताको बचत फिर्ता हुन नसकी सहकारी संस्थामा गम्भीर समस्या सिर्जना हुन गएकाले अर्को व्यवस्था नभएसम्मका लागि त्यसरी रोक लगाइएको मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी जानकारी गराएको छ ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# मेयर पदका प्रत्यासी चौधरी बलात्कार प्रयासको आरोपमा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

सप्तरीको शम्भुनाथ नगरपालिकाका मेयर पदका प्रत्यासी एक नेता बलात्कार प्रयासको आरोपमा शुक्रबार पक्राउ परेका छन् ।

गत स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट मेयर पदका उम्मेदवार बनेका सोही नगरपालिका ५ निवासी दीपेन्द्र चौधरी बलात्कार प्रयासको आरोपमा पक्राउ परेको प्रहरीले जनाएको छ ।

३५ बर्षीया महिलाले आफुलाई बलात्कार प्रयास गरेको भन्दै जाहेरी दिएपछि उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार पक्राउ परेका चौधरीलाई जबरजस्ती करणी उधोग मुद्दा अन्तरगत सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिई घटना बारे थप अनुसन्धान शुरु गरिएको छ ।

आरोपी चौधरी गत २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट मेयर पदको उम्मेदबार भएका थिए ।

## व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा:

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं। त्यस्ता कल पटक पटक आए ब्लक गरौं।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पुस्तक समीक्षा : मैथिली पत्रकारिताको सर्सर्ती इतिहास

**श्याम रिमाल**

काठमाडौं, ८ मङ्सिर (रासस)।

नेपालको पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार नेपाली भाषापछि दोस्रो सबभन्दा बढीले बोल्ने मातृभाषा ‘मैथिली’ ३२ लाख २२ हजार तीन सय ८९ जना अर्थात् ११ दशमलव ०५ प्रतिशत नेपालीले पहिलो भाषाका रूपमा बोल्ने गर्छन्। नेपालको मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने यो भाषा दोस्रो भाषाका रूपमा दुई लाख ६७ हजार २१ जना तथा पुर्खाले बोल्ने भाषाका रूपमा २९ लाख ५९ हजार आठ सय ७६ जनाको जनसङ्ख्या छ।

बोल्दा र सुन्दा निकै मनमोहक मैथिली भाषा नेपालको मधेश प्रदेशमा प्रयुक्त छ। लोकसाहित्य र भाषिक प्रयोगका साथै सांस्कृतिक परम्पराका दृष्टिले यसको लामो परम्परा छ जुन करिब छ सय वर्ष पुरानो छ। यसका साहित्य र संस्कृति समृद्ध रहेको, शब्दकोश र व्याकरण भएको तथा सार्वजनिक सञ्चारमाध्यममा पनि उपयोग भइरहेको अर्को विशेषता हो। मधेसमा अन्य मातृभाषी समुदायले पनि यसै भाषामा आफ्ना नियमित गतिविधि, व्यावसायिक तथा पेसागत कार्य सञ्चालन गरिरहेका छन्। यो छिमेकी भारतको विहार र झारखण्ड राज्यमा पनि बोलिन्छ। भारतीय संविधानको आठौं अनुसूचीमा यो भाषा पनि समाविष्ट छ। मैथिली साहित्यको समृद्ध इतिहास छ र चौधौं–पन्ध्रौं शताब्दीमा यसैमा विद्यापतिले ठूलो कवि (उनका कथा पनि छन्) को दर्जा पाए।

अहिले दोस्रो बहुजनले बोल्ने मैथिली भाषाले नेपाली पत्रकारिता वा आमसञ्चारमाध्यममा पनि सन्तोषजनक उपस्थिति जनाएको छ। मिथिलाभाषी राजेश्वर नेपाली, रामभरोस कापडि भ्रमर, रामनारायण देव, रामरिझन यादव, बृजकुमार यादव, रामआशिष यादव, धीरेन्द्र प्रेमर्षि, श्यामसुन्दर शशी, हिमांशु चौधरी, राजेश अहिराजलगायतले नेपाली र मैथिली भाषा, साहित्य र पत्रकारितामा ठूलो योगदान पुऱ्याउनुभएको छ। साहित्य तथा सञ्चार क्षेत्रमा मातृभाषा मैथिलीको प्रयोग गरेर आफ्नो पहिचान र संस्कृति संरक्षण गर्न अग्रसर साहित्यकार, सञ्चारकर्मी, पत्रिका तथा सञ्चालकहरूले आगामी पुस्तालाई मार्गदर्शन गरेर स्तुत्य काम गर्नुभएको छ।

यसै सन्दर्भमा सिरहा, बस्तीपुरमा जन्मी हाल धनुषामा बसोबास गर्ने नेपाल पत्रकार महासङ्घका पूर्वाध्यक्ष धर्मेन्द्र झाले ७० का दशकमा प्रेस काउन्सिल नेपालबाट मैथिली छापा पत्रकारिताको इतिहास अध्ययन गर्ने जिम्मेवारी पाएअनुसार कोरोना महामारीको समयलाई राम्रोसँग उपयोग गर्नुभयो र नेपाली पत्रकारिता जगत्लाई ‘नेपालीय मैथिली छापा पत्रकारिताको इतिहास (वि.सं. २०१४–२०७७)’ प्रदान गर्नुभएको छ। प्रेस काउन्सिल नेपालले विसं २०७७ असोजमा प्रकाशन गरेको चिटिक्क परेको प्रस्तुत ८५ पृष्ठका कृतिमा नेपाली पत्रकारिता जगत्मा मैथिली पत्रपत्रिका र अनलाइन न्युज पोर्टलले पुऱ्याएको योगदानबारे साङ्गोपाङ्गो जानकारी पाउन सकिन्छ। यसमा काउन्सिलका पूर्वसदस्य झाले नेपाली मैथिली पत्रकारिताको साठी वर्षभन्दा बढी समयको इतिहास अध्ययन गरी छापा र अनलाइन क्षेत्रलाई समावेश गर्नुभएको छ।

नेपाल, मिथिला र मैथिली, भाषा–पत्रकारिता तथा साहित्य–संस्कृति, भाषा, सञ्चार र पत्रकारिता, जनकपुरकेन्द्रित मैथिली पत्रकारिता, काठमाडौं उपत्यकामा मैथिली पत्रकारिता, सप्तरी र सिरहामा मैथिली पत्रकारिताको अवस्था, पूर्वी नेपालमा मैथिली पत्रकारिता, पश्चिममा मैथिली पत्रकारिता, मैथिलीका अनलाइन र ब्लग तथा मैथिली पत्रकारिताका चुनौती र सम्बोधनको रणनीति गरी आठ अध्यायमा विभक्त कृतिमा रहेका परिशिष्ट र सन्दर्भ सामग्रीले कृतिको आधिकारितालाई अझ बल दिएको छ। हालको मधेस क्षेत्रका आठ जिल्लामध्ये केन्द्रीय भूमि धनुषा, महोत्तरी, सप्तरी र सिरहा, पश्चिम पर्सा तथा कोशी प्रदेशका मोरङ, सुनसरी र झापा तथा काठमाडौं उपत्यका क्षेत्रमा मैथिली भाषाको पत्रकारिता विकास भएको पाइएको तथा पर्सापूर्व बारा, रौतहट र सर्लाहीमा भने प्रयाससम्म भएको अध्ययनमा उल्लेख गरिएको छ। त्यस्तै नेपालको पश्चिम क्षेत्रमा पर्ने हालको लुम्बिनीका रुपन्देही, कपिलवस्तु, बाँके र बर्दियामा मैथिलीभाषीको राम्रै उपस्थिति भए पनि मैथिली पत्रकारिता शून्य जस्तै रहेको जनाइएको छ। कसैकसैले मैथिली भाषासहित बहुभाषी भनेर पत्रिका दर्ता गरे पनि एकल मैथिली भाषाको पत्रिका भने भएनन्।

मैथिली पत्रकारिताको विकासका लागि संस्थागत तथा समूहगत रूपमा अन्तरराष्ट्रिय मैथिली सम्मेलन, अखिल नेपाल मैथिली साहित्य परिषद्, मैथिली पत्रकार परिषद्, मिथिला सांस्कृतिक केन्द्र, जानकी मन्दिर, जनकपुरधाम, चित्रगुप्त सेवा समिति, जनकपुर। सर्लाही, मैथिल मञ्च बिजलपुरा, महोत्तरी, मैथिली साहित्य परिषद्, मैथिली साहित्य परिषद्, जनकपुर। वीरगन्ज। विराटनगर, मैथिली सेवा समिति, निवृत्त प्रतिभा उत्थान मञ्च, वीरगन्ज, मैथिली प्रवर्द्धन समिति, सर्लाही, त्रिवि कीर्तिपुरका विद्यार्थी, तराई विद्यार्थी परिषद्, नेपाल मैथिल समाज, मैथिल महिला समाज नेपाल, तिरहुत ब्राह्मण सेवा समिति, मैथिली विकास मञ्च, काठमाडौं सिरहाली मञ्च, मैथिली पत्रकार परिषद्, मैथिली मिडिया प्रालि, नेपाल प्रज्ञा–प्रतिष्ठान, गोरखापत्र संस्थानको पनि महत्त्वपूर्ण भूमिका रहेको लेखक झाको अनुसन्धानमा देखिन्छ। गैरमैथिलीभाषी पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला र विद्वान् लक्ष्मण शास्त्री तथा भारतीय प्राध्यापक प्रफुल्लकुमार सिंह ‘मौन’ ले यसको विकासमा निकै योगदान दिएको कृतिमा उल्लेख छ।

‘हिमालय टाइम्स’ दैनिक र ‘अन्नपूर्ण’ दैनिकले पनि क्रमशः ‘मैथिल भाषा विशेषाङ्क’ (२०५३ मङ्सिर ८) र ‘तराई प्लस’ अतिरिक्त पृष्ठ निकालेर मैथिली भाषा पत्रकारितामा योगदान दिएको मैथिली भाषा पत्रकार झाले जनाउनुभएको छ। विसं २०६० पुसमा सप्तरी, राजविराजमा नेपाल प्रेस इन्स्टिच्युट र क्षेत्रीय सञ्चार स्रोत केन्द्र मोरङ, विराटनगरद्वारा आयोजित र २०६१ मङ्सिरमा सिरहा, सिरहा बजारमा आयोजित आफैं प्रशिक्षक रहेको मैथिली पत्रकारितासम्बन्धी एकहप्ते तालिमले पनि मिथिला भाषा पत्रकारिताका लागि योगदान दिएको पत्रकार झाले उल्लेख गर्नुभएको छ। झा स्वयंले केही मैथिली भाषी पत्रिका प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न भएको देखिन्छ।

समीक्ष्य कृतिअनुसार यस भाषाको पहिलो पत्रिका सन् १९०५ (विसं १९६२ तिर) मा भारत, जयपुरबाट प्रकाशन भएको मधुसूदन झाको सम्पादकत्वको ‘मैथिल हीत साधन’ र मिथिलाञ्चल, भारतबाट पहिलो प्रकाशित पत्रिका विष्णुकान्त झाका सम्पादकत्वको ‘मिथिला मिहिर’ (सन् १९१२, विसं १९६९ तिर) थिए भने नेपाल सरहद रहेको मिथिलाञ्चल जनकपुर क्षेत्रबाट भने त्यसको करिब ४५ वर्षपछि मात्र बल्ल विसं २०१४ मा ‘मैथिली’ भाषासमेत समेटिएको नवोनाथ झा नवीन सम्पादकत्वको ‘नवजागरण’ त्रैभाषिक (नेपाली, हिन्दी र मैथिली) ले पहिलो पत्रिका हुने मौका पायो।

उहाँका अनुसार पछि ‘आँजुर’, ‘इजोत’, ‘जनक’, ‘मिथिलावाणी’, ‘विद्यापति टाइम्स’, ‘मिथिला डटकम’, ‘आहट’, ‘धुवाधजा’, ‘मिथिलाञ्चल’, ‘तहलका’, ‘नैमिकानन’, ‘मिथि’, ‘सीमाञ्चल’, ‘पर्यगिन’, ‘धधरा’, ‘नवविचार’, ‘त्रिवाणी’, ‘सनेस’, ‘मैथिलीजगत्’, ‘तराई जागरण’, ‘अरिपन’, ‘मिथिला’, ‘मिथिलाञ्जलि’, ‘भोरूकवा’, ‘लाल तराई’, ‘अप्पन मिथिला’, ‘अग्रणी वाणी’, ‘कृष्णा’, ‘विदेहराज’, ‘उगना’, ‘मैथिली मञ्च’, ‘सञ्चार साथी’, ‘विश्वदीप’, ‘अग्रणी वाणी’, ‘दुविधान’, ‘कोशी–कमला’, ‘नवसनेस’, ‘सुरभि’, ‘अभिनव’, ‘मैथिली’ ‘सयपत्री’, ‘आङन’, ‘गोरखापत्र’ लगायतका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक, समसामयिक सङ्कलनलगायत हस्तलिखित, भित्तेपत्रिका, पोस्टर पत्रिका, साहित्यिक–समाचारमूलक, समाचार–विचारप्रधान, कविताप्रधान छापा, अनलाइन न्युज पोर्टल, रेडियो टिभी आदि आमसञ्चारमाध्यम र केही संस्थाहरूले नेपालका मधेश प्रदेश र काठमाडौं उपत्यकामा आधार रही प्रकाशन, प्रशिक्षण, पत्रकार संस्था गठन आदि माध्यमबाट मैथिली नेपाली पत्रकारिता जगत्मा योगदान गरे।

लेखक झाअनुसार मैथिली भाषामा प्रकाशित केही पत्रिकाले विभिन्न विधा र क्षेत्रमा अगुवा हुने मौका पाएका छन्। तिनमा एकल मैथिली भाषामा प्रकाशित पत्रिकामा ‘फूलपात’, विचारप्रधान समाचारमूलक साप्ताहिकमा ‘गामघर’, साहित्यिक द्वैमासिकमा ‘अर्चना’, द्वैमासिकमा ‘मिथिलाञ्चल’, त्रैमासिकमा ‘मैथिली’, कविताप्रधानमा ‘जनक’, प्रेस काउन्सिलको मापदण्ड पूरा गरेको साप्ताहिकमा ‘विद्यापति टाइम्स’, दैनिकमा ‘मिथिला डटकम’, पाक्षिक र पूर्वी नेपालमा प्रकाशित समाचारमूलकमा ‘मिथिला टाइम्स’, द्विभाषी साप्ताहिक (नेपाली र मैथिली) मा ‘तहल्का डटकम’, काउन्सिलको भाषागत पुरस्कार पाउनेमा ‘सीमाञ्चल’ साप्ताहिक, रङ्गमञ्चकेन्द्रितमा ‘आकृति’, हवाई पत्रिकामा ‘पर्यगिन’ द्वैमासिक, पोस्टर पत्रिकामा ‘धधरा’, नेपालीय मैथिली विशेषाङ्क प्रकाशन गर्नेमा ‘सिंहावलोकन’, मैथिलीभाषी हस्तलिखित पत्रिकामा ‘बालसखा’, बुकलेट आकारमा प्रकाशित पहिलो ‘मैथिली चौपाडि’, फोल्डर पत्रिकामा ‘कमला’ आदि छन्।

नेपाली र मैथिली भाषामा थुप्रै हाइकु, तान्का र कवितासङ्ग्रह तथा लामो कविता, पत्रकारितासम्बन्धी पुस्तक, पाठ्यपुस्तकलगायत कृति, केही दैनिक पत्रिका र अनलाइन न्युज पोर्टलमा पनि सम्पादकका रूपमा रहनुभएका लेखक स्वयंले पनि कतिपय मैथिली भाषाको पत्रिका सम्पादन र प्रशिक्षण गरिसक्नुभएको छ।

प्रस्तुत कृतिका नामबाट नै यो मैथिली छापा पत्रकारिताको इतिहास भएको बुझिए पनि यसमा न्यु मिडियाका रूपमा विकास भएका केही मैथिली अनलाइन र ब्लगका उदाहरण पनि दिइएका छन्, जुन सङ्क्षेपमा छन्। समयाभावले होला, रेडियो र टेलिभिजन क्षेत्रमा भने उहाँले हात हाल्नुभएको छैन। पत्रिकाहरूको विवरण दिँदा कुनै कुनैमा भाषा, पत्रिकाको रूप (साप्ताहिक, पाक्षिक आदि), प्रकाशक, सम्पादक, प्रकाशन साल, कति साल र अङ्कसम्म प्रकाशन भएको जस्ता पक्ष छुटेका छन्।

सर्सरी हेर्दा यहाँसम्म आउँदा मैथिली पत्रकारिताको राम्रै विकास विकास भएको देखिन्छ तथापि मैथिलीलगायत मातृभाषाप्रतिको सरकारी प्रोत्साहन नीति र राजनीतिक संरक्षणको अभाव, हिन्दी भाषाप्रतिको मोह, पञ्चायत कालमा नेपाली भाषामा बढी जोड आदि कारणले यसको अपेक्षित हुन सकेन। ‘मैथिलीभाषी सञ्चारकर्मीको निरन्तर क्रियाशीलताको अभाव’ पनि यस दिशामा समस्याको कारक रहेको लेखकको ठम्याइ छ। आर्थिक लगानी, वितरण र जनशक्तिजन्य समस्याले धेरै पत्रिका अनियमित भएको र पछिल्लो समय यस क्षेत्रमा कोभिड–१९ को महामारी र आर्थिक मन्दीले पनि नकारात्मक प्रभाव पारेको छ। त्यसैले लेखकले मैथिली भाषागत पत्रकारिताको विकासका लागि विज्ञापन आदिको उपलब्धताको मागका साथ तीनै तहका सरकारलाई आह्वान गर्दै मातृभाषामा पत्रकारितासम्बन्धी तालिमहरू आयोजना गर्न पनि सुझाउनुभएको छ। मैथिली भाषाको जग राख्न विद्यालय–कलेजमा पठनपाठनको व्यवस्था गर्न पनि उहाँले जोड दिनुभएको छ।

नेपालका प्रत्येक मातृभाषा तथा र त्यससँग सम्बन्धित

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना–काप्चामा किटनाशक औषधी छर्कने गरौं।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# कर बक्यौता एक खर्ब १३ अर्ब, साढे पाँच हजार करदाता मुद्दा मामिलामा

काठमाडौँ, ८ मङ्सिर (रासस)।

गत आर्थिक वर्ष २०७९/८० सम्ममा रु एक खर्ब १३ अर्ब सात करोड ५८ लाख बराबर कर बक्यौता उठ्न बाँकी रहेको देखिएको छ।

बिहीबार सार्वजनिक भएको आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार दुई लाख ७० हजार तीन सय ८३ करदाताबाट कर बक्यौता, ब्याज, थप दस्तुर विलम्ब शुल्कलगायत शीर्षकमा यो रकम उठ्न बाँकी देखिएको हो।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा कूल रु ६५ अर्ब ३५ करोड ६७ लाख २२ हजार सात सय रहेको कर बक्यौता रकम एक वर्षमै रु ४७ अर्ब ७१ करोड ९१ लाख ४० हजार थपिएको छ। त्यस्तै, विभिन्न कर कार्यालयबाट भएको कर निर्धारणउपर करदाताले चित्त नबुझाई प्रशासकीय पुनरावलोकनमा गएका करदाताको सङ्ख्या करिब साढे पाँच हजार देखिएको छ। गत असार मसान्तसम्म पाँच हजार चार सय ४३ करदाता मुद्दा मामिलामा गएका छन्। प्रशासकीय पुनरावलोकनमा गएको तथा अन्य न्यायिक निकायमा अपिलमा रहेको विवादित रकम रु एक खर्ब ४५ अर्ब ७७ करोड ८९ लाख बराबर छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रु एक खर्ब ३३ अर्ब ७१ करोड बराबर थियो।

कर बक्यौता र मुद्दा मामिलामा गएर अपिलमा रहेकामध्ये आयकरसँग सम्बन्धित बढी देखिएका छन्। विभागको प्रतिवेदनअनुसार एक लाख ३६ हजार आठ सय २२ करदाताबाट रु ५९ अर्ब ४० करोड ८४ लाख ८६ हजार बराबर आयकर बक्यौता देखिएको छ। त्यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट)तर्फ एक लाख २९ हजार चार सय ८५ करदाताबाट रु ५१ अर्ब १२ करोड ६० लाख भ्याट असुली हुन बाँकी रहेको छ।

अन्त: शुल्कतर्फ एक हजार पाँच सय पाँच करदाताबाट रु एक अर्ब ६१ करोड ५६ लाख ५७ हजार बराबर राजस्व असुली हुन सकेको छैन। अन्यतर्फ दुई हजार पाँच सय ७१ करदाताबाट रु ९२ करोड ५७ लाख १० हजार बराबर कर उठेको छैन।

प्रशासकीय पुनरावलोकनलगायत न्यायिक निरुपणमा गएका करदाताको सङ्ख्या हेर्दा आयकरतर्फ सबैभन्दा धेरै दुई हजार आठ सय आठ करदाता अर्थात् रु एक खर्ब २७ अर्ब ६९ करोड ४५ लाख ४९ हजार बराबर कर रकम देखिन्छ। त्यस्तै, भ्याटतर्फ रु १४ अर्ब ६४ करोड ११ लाख १० हजार बराबर कर रकम रहेका दुई हजार तीन सय १८ करदाता मुद्दा मामिलामा गएका छन्। अन्तःशुल्कतर्फ एक सय ६४ करदाताको रु तीन अर्ब १३ करोड ७५ लाख ६८ हजार बराबर कर रकम न्यायिक अपिलका लागि गएको छ।

त्यस्तै, गत आर्थिक वर्षसम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयमा रु ७६ अर्ब एक करोड ४२ लाख बराबर बेरुजु देखिएको छ। यसरी सरकारले उठाउनुपर्ने कर बक्यौता र निर्धारण भएको कर रकममाथि मुद्दा मामिलामा जाने करदाताको सङ्ख्या बढ्दै गएपछि त्यसको असर वार्षिक राजस्व असुलीमा देखिएको छ।

आन्तरिक राजस्व विभागमार्फत गत आव २०७९/८० मा रु छ खर्ब २६ अर्ब ६१ करोड कर असुली गर्ने लक्ष्य राखिएकोमा लक्ष्यको ७६ दशमलव ५७ प्रतिशत अर्थात् रु चार खर्ब ७९ अर्ब ७९ करोड बराबर मात्रै उठेको थियो।

## *पुस्तक समीक्षा ...*

इतिहास, साहित्य, सञ्चार, कला, संस्कृति आदिको अध्ययन तथा प्रकाशनले हाम्रो सम्पदालाई नै वैभवशाली बनाउँछ। यस्ता अध्ययन-अनुसन्धानमूलक कृतिले नयाँ पुस्तालाई मार्गदर्शन गर्छन् नै, संरक्षण र विकासका लागि पनि राज्य, निजी क्षेत्र तथा सम्बन्धित भाषाभाषीका साहित्यकार, संस्कृतिकर्मी, भाषासेवी र सञ्चारकर्मीलाई घच्घच्याउँछ। आगामी दिनमा राष्ट्रिय समाचार समितिका अध्यक्ष झा वा अरू कसै न कसैबाट यस क्षेत्रको अनलाइनको अवस्था तथा रेडियो -टिभी क्षेत्रमा पनि अनुसन्धान हुन सकेमा मैथिली भाषा पत्रकारिता अध्ययनको पाटो झन् परिपूर्ण हुन सक्ने विश्वास गर्न सकिन्छ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

# इजरायल र हमासबीच युद्धविराम सम्झौता कार्यान्वयनको थालनी

गाजा पट्टी, प्यालेस्टाइनी क्षेत्र, ८ मङ्सिर (रासस/एएफपी)।

इजरायल-हमास युद्धमा चार दिने युद्धविराम शुक्रबारदेखि लागू भएको छ। हजारौंको ज्यान लिने गरी भएको सात हप्ताको युद्धपछि भएको युद्धविरामसँगै बन्धकहको बदलामा प्यालेष्टिनी कैदीहरूको रिहा गरिने भएको छ।

अक्टोबर ७ मा इजरायलमा हमासले गरेको घातक आक्रमणपछि सुरु भएको द्वन्द्व दुबै पक्षले स्थानीय समयअनुसार बिहान ७ :०० बजेदेखि युद्धविराम गर्ने सम्झौतासँगै अस्थायी रूपमा रोकिएको छ।

शुक्रबार गाजामा बन्धक बनाइएका १३ जनालाई रिहा गरिने र त्यसपछि इजरायली जेलबाट केही सङ्ख्यामा प्यालेस्टिनी कैदीलाई रिहा गरिने कतारी मध्यस्थताकर्ताहरूले बताएका छन्। प्यालेस्टिनी कैदीको एकीन सङ्ख्याबारे भने मध्यस्थताकर्ताहरूले बताएका छैनन्।

चार दिनको अवधिमा कम्तीमा ५० जना बन्धकलाई रिहा हुने अनुमान मध्यस्थकर्ताले गरेका छन्। यदि सहमति अनुसार चार दिनमा ५० बन्धकलाई रिहाई गरिएमा यसपछि अनुमानित अझै १९० जना बन्धक प्यालेस्टिनी लडाकू समूहको हातमा रहने छन्।

सम्झौतामा उल्लेख भए अनुसार एक बन्धक बराबर तीन जना प्यालेष्टिनी कैदी अर्थात् कूल १५० जना प्यालेस्टिनी कैदीलाई इजरायली पक्षबाट रिहा गरिने अपेक्षा गरिएको छ।

गाजाका २० लाखभन्दा बढी बासिन्दाका लागि यो सम्झौताले हप्तौंदेखि जारी इजरायली बमबारीबाट राहत प्रदान गरेको छ।

गाजा क्षेत्रमा शासन गर्दै आएको हमास सरकारले युद्धका कारण हालसम्म करिब १५ हजार प्यालेष्टिनीको मृत्यु भएको र अनगिन्ती विस्थापित भएको जनाएको छ।

हताहतको एकीन सङ्ख्या स्वतन्त्र रूपमा पुष्टि गर्न असम्भव छ, तर धेरै प्यालेस्टिनी र इजरायली परिवारहरूको लागि, हिंसामा विराम हुन यस पहिले नै धेरै ढिलो भइसकेको थियो।

कतारका अधिकारीहरूले रिहा गरिएका १३ जना बन्धकमध्ये पहिलो समूहमा एउटै परिवारका महिला र बालबालिका रहेको बताएका छन्। इजरायली ट्रमा विशेषज्ञ र चिकित्सकहरूको टोलीले उनीहरूलाई पर्खिरहेका छन्।

इजिप्टको एक सुरक्षा स्रोतले एएफपीलाई बताएअनुसार इजरायली सुरक्षा अधिकारी, अन्तर्राष्ट्रिय रेडक्रस-रेड क्रिसेन्टका कर्मचारी र इजिप्टको एक टोलीले इजिप्ट-गाजा सीमामा पर्ने राफामा बन्धकहरूलाई स्वागत गर्न खटाइनेछ। एएफपीले हमासले सीमापार आक्रमणका क्रममा अपहरणमा परेका करिब २४० मध्ये २१० जनाको सनाखत भएको पुष्टि गरेको छ।

बन्धक बनाइएकामध्ये कम्तीमा ३५ जना बालबालिका थिए, जसमध्ये १८ जना हमासको आक्रमणको समयमा १० वर्ष वा सोभन्दा कम उमेरका थिए। इजरायलले अक्टोबर ७ मा भएको आक्रमणमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको जनाएको छ। कुन बन्धकहरू जीवितै छन् वा कुन अवस्थामा बन्धकहरूलाई राखिएको छ भन्ने बारे सार्वजनिक रूपमा थोरै मात्र जानकारी छ।

"आक्रमण र कैदको बर्बर प्रकृतिलाई ध्यानमा राख्दै हामी केवल सबैभन्दा खराब परिस्थितिको लागि मात्र तयार हुन सक्छौं," बन्धक वार्तामा सहभागी भएका अनुभवी सेवानिवृत्त इजरायली सैन्य अधिकारी मोटी क्रिस्टलले भन्नुभयो।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले रिहा हुने र परिवारको सम्पर्कमा रहेका हरुको नामको पहिलो सूची प्राप्त भएको जनाएको छ। सूचीमा को को छन् भन्नेबारे भने खुलाइएको छैन।

# नयाँदिल्लीस्थित अफगानिस्तानी दूतावास बन्द

नयाँदिल्ली, ८ मङ्सिर (रासस/एएनआई)।

अफगानिस्तानले भारतका लागि अफगानिस्तानको नयाँ दिल्लीस्थित राजदूतावास बिहीबारदेखि स्थायी रूपमा बन्द गर्ने घोषणा गरेको छ।

नयाँ दिल्लीस्थित आफ्नो कुटनीतिक नियोग बन्द गर्नेबारे एक आधिकारिक विज्ञप्ति जारी गर्दै अफगानी दूतावासले भनेको छ, "भारत सरकारको निरन्तरको चुनौतीका कारण नोभेम्बर २३, २०२३ देखि लागू हुनेगरी दिल्लीस्थित नियोग बन्द गरिएको छ। दूतावासले यसअघि सेप्टेम्बर ३० मा उडान बन्द गरेपछि यो निर्णय गरिएको हो, जुन यो आशामा गरिएको कदम हो कि भारत सरकारको अडान अनुकूलरूपमा परिवर्तन हुनेछ र मिसनलाई सामान्यरूपमा सञ्चालन गर्न दिनेछ।

दूतावासले यो कदमलाई आन्तरिक द्वन्द्वको रूपमा चित्रण गर्न खोजिएको हुन सक्ने र यसमा तालिबानप्रति निष्ठा राख्ने कूटनीतिज्ञहरू संलग्न रहेको र यो निर्णय नीति र स्वार्थमा व्यापक परिवर्तनको परिणाम भएको बताएको छ।

दूतावासले भनेको छ, "भारतमा रहेका अफगानी नागरिकहरूलाई सम्बोधन गर्दै दूतावासले हाम्रो नियोगको कार्यकालमा उनीहरूको समझदारी र सहयोगका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछ। 'स्रोत र शक्तिको सीमितता'का बावजुद अफगान दूतावासले 'काबुलमा वैध सरकारको अभावमा र उनीहरूको सुधारको लागि अथक प्रयास गरेको' बताएको छ।

विगत २७ महिनामा भारतमा अफगान समुदायमा उल्लेखनीय गिरावट आएको छ, अफगान शरणार्थी, विद्यार्थी र व्यापारीहरूले देश छोडेका छन्, दूतावासले आफ्नो बयानमा उल्लेख गरेको छ, अगस्त २०२१ देखि यो सङ्ख्या लगभग आधा भएको छ, यस अवधिमा निकै सीमित नयाँ भिसा जारी गरिएको छ।

विगत २२ वर्षमा अफगानिस्तानलाई सहयोग र समर्थन गरेकोमा हामी भारतका जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। हामी अफगानिस्तानका जनताको सेवा गर्ने हाम्रो प्रतिबद्धता दोहोऱ्याउँछौं र यस चुनौतीपूर्ण समयमा हाम्रो राष्ट्रलाई समर्थन गर्ने मार्गहरूको खोजी जारी राख्नेछौं," विज्ञप्तिको अन्त्यमा भनिएको छ।

# बुस्टर डोजका लागि साढे तीन लाख खोप ल्याइयो

काठमाडौँ, ८ मङ्सिर (रासस) । कोरोना भाइरसको सङ्क्रमण नभए पनि सरकारले कोरोना भाइरस विरुद्धको खोप ल्याएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दीर्घरोगी र विदेश जानेहरू र अन्य व्यक्तिका लागि आवश्यक परेकाले सो खोप ल्याएको जनाएको हो ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाले बिहीबार राति अबेर तीन लाख ७३ हजार थान फाइजर खोप ल्याइएको जानकारी दिनुभयो ।

“कोरोना भाइरसको सङ्क्रमण नभए पनि अझै पनि मानिसहरूलाई खोप आवश्यक छ,” उहाँले भन्नुभयो, “त्यही भएर हामीले बेलाबेलामा खोप मगाउने गरेका छौँ ।”उहाँका अनुसार कोभ्याक्समार्फत बुस्टर डोजका लागि सो खोप ल्याइएको हो ।

विभागले सात लाख ५० हजार मात्रा खोप माग गरेकामा पहिलोपटक तीन लाख ७३ हजार आएको र बाँकी खोप चाँडै आउने शाखा प्रमुख डा चौरसियाले बताउनुभयो ।

अहिले पनि प्रदेश तहबाट बुस्टर डोजका लागि खोपको माग हुने गरेको छ । आएका ती खोपलाई प्रदेशमा पठाइने छ ।

सरकारले अहिलेसम्म छ करोड ६९ लाख ८३ हजार दुई सय ७० मात्रा खोप ल्याइसकेको छ । पछिल्लो पटक असार १४ गते कोभ्याक्समार्फत सरकारले सात लाख दुई हजार सात सय २० मात्रा खोप ल्याएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा अहिलेसम्म छ करोड पाँच लाख ३४ हजार चार सय ७५ मात्रा खोप लगाइएको र कोरोना भाइरस सङ्क्रमणबाट ११ लाख ५७ हजार पाँच सय २२ जना सङ्क्रमित तथा १२ हजार ३१ जनाको निधन भइसकेको छ ।

# पुस्तक प्रकाशन क्षेत्रलाई उद्योगको मान्यता दिन माग

काठमाडौँ, ८ मङ्सिर (रासस) । पुस्तक प्रकाशन क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिन र भन्सार लागत शुल्कमा छुट दिन आग्रह गरिएको छ ।

यही मङ्सिर ५ गतेदेखि भृकुटीमण्डपमा जारी ‘दक्षिण एशिया अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी-२०२३’ अन्तर्गत शुक्रबार सञ्चालित अन्तरसंवाद कार्यक्रमका वक्ताले पुस्तक प्रकाशन क्षेत्र प्राज्ञिक र सेवामूलक व्यवसाय भएकाले उद्योगको मान्यता दिइ राज्यबाट आवश्यक सहजीकरण गर्न आग्रह गरेका छन् ।

‘विद्यालयस्तरीय पुस्तक र निजी प्रकाशनको भूमिका’ विषय उक्त संवादमा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिका सभापति भानुभक्त जोशीले विद्यालय तहका पाठ्यपुस्तक उत्पादन र वितरण गर्ने जिम्मेवारी पाएका सरकारी र निजी निकायले समयमै काम गरी विद्यार्थी र अभिभावकलाई सेवा दिनुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्रिय पुस्तक नीति जारी गराउन, यस क्षेत्रलाई उद्योगको मान्यता दिन र पाठ्यपुस्तकको मूल्य समायोजन गर्न आफूले पहल गर्ने विश्वास दिलाउनुभयो ।

शिक्षा विकास तथा मानव स्रोत केन्द्रका महानिर्देशक दीपक शर्माले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृतिप्राप्त पुस्तक विद्यालयले प्रयोग गर्नुपर्ने भन्दै त्यसको गुणस्तर कायम गर्न सबैको भूमिका महत्त्वपूर्ण हुने भएकाले निजी क्षेत्रसँग पनि सहकार्य गर्नुपर्ने बताउनुभयो ।

महासङ्घका सल्लाहकार एवं एकता प्रकाशनका सञ्चालक रामचन्द्र तिमोथीले आर्थिक मन्दीसँगै प्रकाशन पलायन हुन थालेको अवस्थामा राज्यले सहुलियत दिनुपर्ने बताउनुभयो । महासङ्घका सल्लाहकार एवं बुद्ध प्रकाशनका सञ्चालक नवराज बजगाईंले राष्ट्रिय पुस्तक नीति छिटो जारी गर्न माग गर्दै यस क्षेत्रलाई उद्योगको मान्यता दिन र ११ वर्षदेखि वृद्धि नभएको पाठ्यपुस्तकको मूल्य समायोजन गराउन आग्रह गर्नुभयो ।

यही मङ्सिर ९ गतेसम्म सञ्चालन हुने प्रदर्शनीको प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले एक समारोहकाबीच उद्घाटन गर्नुभएको थियो । प्रदर्शनीमा दक्षिण एशिया क्षेत्रका नेपाल, चीन, भारत, बङ्गलादेशलगायत संयुक्त राज्य अमेरिका, इजिप्टसहित १५ भन्दाबढी देशका प्रकाशक, उत्पादक तथा वितरक गरी एक सय ८० कक्ष राखिएका छन् । महासङ्घका महासचिव शिवसागर शर्माले शुक्रबार मेलामा ६० भन्दाबढी विद्यालयका विद्यार्थीको बाक्लो उपस्थिति रहेको जानकारी दिनुभयो ।

# संसदीय समिति सञ्चालनका लागि बजेट अभाव

काठमाडौँ, ८ मङ्सिर (रासस) । संसदीय समिति सञ्चालनका लागि साधनस्रोत अपुग भएको भन्दै सांसदहरूले बजेट बढाउन आग्रह गरेका छन् । राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको शुक्रबारको बैठकमा सांसदले आवश्कताअनुसार बजेट प्राप्त नभएको गुनासो गर्नुभएको हो ।

समितिका सभापति जयन्तीदेवी राईले बजेट अभावका कारण समितिअन्तर्गत तय गरिएका वार्षिक कार्यक्रम सञ्चालन गर्न गाह्रो पर्ने गरेको बताउनुभयो । ‘संसदीय समितिका लागि वार्षिक कार्यक्रम बाँडफाँट विवरण २०८०/८१’ प्रस्तुत गर्नुहुँदै सभापति राईले न्यून बजेटका कारण समितिका गतिविधि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताउनुभयो ।

समितिका सदस्य डा खिमलाल देवकोटाले सरकारको प्रतिनिधि गर्ने संसदीय समितिको आर्थिक अवस्था कमजोर रहेको प्रस्टयाउनुभयो । उहाँले समितिमा बजेट अभावका कारण तोकिएको कार्यक्रममा लक्ष्यअनुसार काम गर्न नसकिएको बताउनुभयो ।

समितिका अर्का सदस्य देवेन्द्र दाहालले संसद् सचिवालयलाई पर्याप्त बजेटसँगै निर्धारित वार्षिक कार्यक्रमको प्रभावकारिताबारे समेत प्रश्न उठाउनुभयो । गत वर्ष समितिलाई रु १५ लाख बजेट विनियोजन भएको भए पनि उक्त रकम खर्च गर्न नसकेको बताउँदै सांसद दाहालले धेरै बजेट हुनुभन्दा कार्यक्रम छनोट गर्दा ध्यान दिनुपर्ने धारणा राख्नुभयो ।

समितिका सदस्य जितेन्द्रनारायण देवले विधायन व्यवस्थापन समितिले सन्तोषप्रद काम गरेको बताउनुभयो । उहाँले अन्य समितिभन्दा यो समितिले निर्धारण गरेका कार्यक्रमको नतिजा लक्ष्यअनुसार प्राप्त गर्न सकेको र अब आर्थिक वर्ष २०८०/८१ को योजनाअनुसार नै सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

सांसद गङ्गाकुमारी बेल्वासेले समितिमार्फत चार वटा प्रदेश अवलोकन गरिसकेको र बाँकी रहेका कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेश पनि अवलोकन गर्ने योजना तय गर्न सभापतिसँग अनुरोध गर्नुभयो ।

सङ्घीय संसद्अन्तर्गतका विभिन्न १६ वटा विषयगत समितिको कार्यसञ्चालनका लागि सङ्घीय संसद् सचिवालयमार्फत सरकारले चालु आव २०८०/८१ का लागि एकमुष्ट रु दुई करोड आठ लाख बजेट बिनियोजन गरेको छ । प्रत्येक समिति सचिवालयले आ-आफ्नो समितिको कार्यक्षेत्रका अनुगमन कार्यक्रम सञ्चालनका लागि रु १० लाखको दरले कूल रु एक करोड ६० लाख विनियोजन गरिएको छ ।

पहिलो, दोस्रो, तेस्रो र चौमासमा सो रकमको एक तिहाइ बराबरको रकम खर्च गर्नुपर्ने रहेको छ । विज्ञ/परामर्श सेवाका लागि प्रत्येक समितिका लागि रु ६२ हजार पाँच सयका दरले कूल रु १० लाख बराबर रकम विनियोजन गरिएको छ । समितिका कार्यक्षेत्रबमोजिम अन्तर्क्रिया सञ्चालन गर्न एकमुष्ट रु ३० लाख र पूर्वबजेट छलफलका लागि रु आठ लाख बजेट राखिएको छ ।

# चार महिनामा साढे चार खर्ब नाघ्यो व्यापार घाटा

काठमाडौँ, ८ मङ्सिर (रासस) । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवधिसम्ममा मुलुकको व्यापार घाटा साढे चार खर्ब नाघेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको वैदेशिक व्यापारसम्बन्धी कात्तिक मसान्तसम्मको तथ्याङ्कअनुसार यो अवधिमा नेपालले कूल रु चार खर्ब ६१ अर्ब ९३ करोड ८० लाख ९३ हजार बराबरको व्यापारघाटा व्यहोरेको हो ।

भन्सार विभागका अनुसार गत आर्थिक मसान्तसम्ममा कूल रु पाँच खर्ब ६३ अर्ब छ करोड ८८ लाख ५४ हजार बराबरको वैदेशिक व्यापार गर्दा रु पाँच खर्ब १२ अर्ब ५० करोड ३४ लाख बराबरको आयात गरेको छ भने रु ५० अर्ब ५६ करोड ५३ लाख बराबरको मात्रै निर्यात गरेको छ ।

गत आवको पहिलो चौमासिक अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात तीन दशमलव ७९, निर्यात सात दशमलव ६८, व्यापार घाटा तीन दशमलव ३४ र समग्र वैदेशिक व्यापार चार दशमलव १५ प्रतिशतले घटेको छ ।

नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारत हो । चालु आवको पहिलो चौमासिक अवधिमा नेपालले भारतसँग कूल रु तीन खर्ब ४७ अर्ब तीन करोड बराबरको व्यापार गर्दा रु दुई खर्ब ८१ अर्ब दुई करोड बराबरको व्यापार घाटा व्यहोरेको छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# बालविवाह विरुद्ध अपील
# “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*